सम्पर्क फोन नं. : ०९१-५२०५०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश

# आर्थिक मामिला तथा योजना मन्त्रालय

धनगढी, कैलाली, नेपाल

पत्र संख्या : २०७७/७८
चलानी नं. : १

मितिः २०७७/०४/०१

**विषयः आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

श्री प्रिय सहकारीज्यू,

आर्थिक वर्ष २०७७/७८ को लागि सुदूरपश्चिम प्रदेश, प्रदेश संचित कोषबाट प्रदेशका मन्त्रालय/ सचिवालय/कार्यालय/निकायहरुले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गर्ने अधिकारका लागि संवैधानिक तथा कानूनी प्रावधान अनुरुप २०७७ असार १ गते सुदूरपश्चिम प्रदेश, प्रदेश सभामा विनियोजन विधेयक पेश भई पारित समेत भई सकेको व्यहोरा यहाँलाई अवगत नै छ। विनियोजन ऐन, २०७७ प्रारम्भ भएको मिति देखि तहाँको लागि छुट्याइएको रकम प्रचलित कानून बमोजिम खर्च गर्ने गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने, कार्यान्वयन गर्ने गराउने, लेखापरीक्षण गर्ने गराउने आदि समेतको सम्पूर्ण जिम्मेवारी तहाँबाट सम्पादन हुने नै छ। विनियोजन ऐन, २०७७ र प्रचलित ऐन, कानून एवम् नीति निर्देशन तथा मापदण्ड अनुरुप बजेट कार्यान्वयन गर्नुपर्ने हुँदा सो सम्बन्धी मार्गदर्शन यहाँको जानकारी तथा कार्यान्वयनको लागि पठाएको छु।

बजेट कार्यान्वयनका प्रारम्भिक चरणमा गर्नुपर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड आदिको तर्जुमा गरी टेण्डर संशोधन/परिमार्जन आदि लगायत डकुमेन्टको तयारी गर्ने कार्य आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिक अवधिभित्रै सम्पन्न हुनेछन् भन्ने कुरामा समेत म विश्वस्त छु।

आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध गर्दछु।

**(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँडः**

१. तहाँको प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा समावेश भएका कार्यक्रमहरु कार्यान्वयन गर्ने निकायका लागि स्वतः स्वीकृत कार्यक्रम हुनेछ।

२. कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्वत् २०७७ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँड गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाईलाई दिनुपर्नेछ। तर कुनै मनासिव कारणले सम्वत् २०७७ साल असोजभित्र विनियोजन भएको बजेट सम्बधित निकायको प्रमुखले बाँडफाँड गर्न नसकेमा सोको कारण खुलाई बाँडफाँडको लागि अनुरोध गरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्वत् २०७७ साल कार्तिक मसान्तभित्र बाँडफाँड गर्न सक्नेछ।

३. तहाँको शीर्षकमा एकमुष्ठ विनियोजन भएको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई कार्यक्रम एवम् बजेट बाँडफाँड गरी सम्वत् २०७७ साल असोज मसान्तभित्र खर्च गर्ने निकायमा



सचिव

:०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश

# आर्थिक मामिला तथा योजना मन्त्रालय

धनगढी, कैलाली, नेपाल

पत्र संख्या : २०७७/७८
चलानी नं. :

पठाउनु हुनेछ। भैपरी आउने चालु र पूँजीगत शीर्षक तर्फको रकमका हकमा कार्यक्रम एवम् बजेट बाँडफाँडको स्वीकृति आर्थिक मामिला तथा योजना मन्त्रालयबाट लिनु हुनेछ।

४. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी र स्रोत फरक नपर्ने गरी सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले विनियोजन ऐन, २०७७ को दफा ८ को उपदफा (७) को खण्ड (क), (ख) र (ग) बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नु हुनेछ।

५. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायको एक तह माथिको प्रमुखको स्वीकृति गर्नुहुनेछ। तर राजपत्राकिंत प्रथम श्रेणीको कार्यालय प्रमुख भएको निकायमा निजले त्यस्तो संशोधन गर्न सक्नुहुनेछ।

६. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा ठेगाना वा यससँग सम्बन्धित विषय संशोधन गर्नु परेमा प्रचलित व्यवस्थाको अधीनमा रही पुष्ट्याई गर्ने आधार सहित संशोधन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालयको हुनेछ। सो संशोधनको जानकारी प्राप्त भए पश्चात प्रदेश मन्त्रालयगत सूचना प्रणालीमा संशोधन गरिने नै छ।

७. तहाँको लागि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको रकमको स्रोत फरक परी संशोधन गर्नुपरेमा मन्त्रालयस्तरको निर्णय सहित भाद्र मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गर्नुहुनेछ।

८. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि विनियोजन ऐन, २०७७ बमोजिम विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी उक्त ऐनको दफा ८ को उपदफा (१) बमोजिम सो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई स्वतःप्राप्त हुने व्यवस्था जानकारी गराउँदछु।

९. तहाँ मातहतका निकायहरुमा बजेट कार्यान्वयन गर्ने मार्गदर्शन उक्त विनियोजन ऐन प्रारम्भ भएको मितिले १५ दिन भित्र पठाउनु हुनेछ।

१०. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र श्रावण ७ सम्म बुझाउनु हुनेछ।

११. सशर्त अनुदानको रकम जुन योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्नुहुनेछ।

१२. सशर्त अनुदान तर्फ कार्यक्रम संशोधन गर्नुपर्दा तलब भत्ता बाहेकको रकममा मात्र उद्देश्यमा फरक नपर्ने गरी कार्यक्रम संशोधन गर्न सक्नु हुनेछ।

सचिव

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# आर्थिक मामिला तथा योजना मन्त्रालय
धनगढी, कैलाली, नेपाल

पत्र संख्या : २०७७/७८
चलानी नं. :

१३. स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नु हुनेछ। स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि यस मन्त्रालयबाट थप बजेट निकासा गरिने छैन।

१४. प्राकृतिक प्रकोप, विपत्ति र विशेष अवस्थामा बाहेक थप निकासा/रकमान्तर मागलाई यस मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्र रही साधारण प्रशासनतर्फको खर्च व्यवस्थापन गर्न र विकास कार्यक्रमतर्फ पनि बजेट सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु गराउनु हुनेछ।

१५. मन्त्रालयमा उपलब्ध कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगरी नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुनेछैन।

१६. आयोजनाको लागत अनुमान र परामर्श सेवाभित्र सवारी साधन खरिद र वैदेशिक भ्रमण समावेश गर्नुहुने छैन।

१७. वैदेशिक भ्रमण संघीय सरकारबाट अनुमति लिई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा प्रदेश मन्त्रिपरिषद्को निर्णय अनुसार गर्नुहुनेछ।

१८. कुनै कार्यक्रम दोहोरिन गएमा एउटा कार्यक्रम मात्र कार्यान्वयन गरी सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा दिनु हुनेछ।

१९. सवारीसाधन खरिद गर्दा यस मन्त्रालयको पूर्व स्वीकृति लिनु हुनेछ।

**(ख) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्थाः**

२०. बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको वार्षिक कार्य योजना २०७७ श्रावण मसान्त भित्र बनाई कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। उक्त कार्ययोजनाको १/१ प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयलाई समेत उपलब्ध गराउनु हुनेछ। यस मन्त्रालयले बजेट कार्यान्वयन स्थितिको निरन्तर अनुगमन गर्नेछ।

२१. खरिद योजना तयार गरेर मात्र सेवा तथा वस्तुको खरिद व्यवस्थापन गर्नु हुनेछ।

२२. तहाँ मन्त्रालय/सचिवालय/कार्यालयलाई खर्च गर्ने अख्तियारी सम्बन्धी विनियोजन ऐनको व्यवस्था बमोजिम सम्बन्धित निकायलाई विनियोजन भएको रकमको निकासा निर्धारित प्रक्रिया बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय/सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले प्रदान गर्ने छन्।

२३. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार तहाँबाट आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु हुनेछ। बजेट कार्यान्वयनमा सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकृत समग्र रुपमा जिम्मेवार हुनु हुनेछ।

२४. पूँजीगत परामर्शबाट सम्पादित क्रियाकलापको अध्ययन प्रतिवेदन चौमासिक रुपमा यस मन्त्रालयमा उपलब्ध गराउनु हुनेछ।

२५. मन्त्रालय तथा मातहतको निकायबाट वितरण गरेको अनुदान र लाभग्राहीको विवरण चौमासिक रुपमा यस मन्त्रालयमा उपलब्ध गराउनु हुनेछ।

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# आर्थिक मामिला तथा योजना मन्त्रालय
धनगढी, कैलाली, नेपाल

पत्र संख्या : २०७७/७८
चलानी नं. :

२६. प्रदेश सरकारबाट हुने सबै भुक्तानीहरु सम्बन्धित व्यक्तिको बैंक खातामा जम्मा हुने गरी सिग्यास (Computerized Government Accounting System- CGAS) मार्फत निकासा हुने व्यवस्था मिलाउनु हुनेछ।

२७. विषयगत मन्त्रालयमा विनियोजन भएको रकम खर्च गर्ने क्रममा थप आर्थिक दायित्व सिर्जना नहुने योजना तथा कार्यक्रमको सम्बन्धमा कार्यविधि, निर्देशिका वा मापदण्ड निर्माण गर्दा सम्बन्धित मन्त्रालयले प्रचलित कानूनको अधीनमा रही त्यस्तो कार्यविधि वा मापदण्ड स्वीकृत गरी लागु गर्न सक्ने व्यवस्था मिलाइएको व्यहोरा अनुरोध छ।

**(ग) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन सम्बन्धमाः**

२८. विनियोजन ऐन, २०७७ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्न उपयुक्त देखिएमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट त्यस्तो योजना वा कार्यक्रम सशर्त अनुदानको रुपमा स्थानीय तहमा दोश्रो चौमासिक भित्रै हस्तान्तरणको व्यवस्था मिलाउनु हुनेछ।

२९. प्रदेश सरकारले स्वीकृत गरेको योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन गर्नुपरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयको स्वीकृतिमा त्यस्तो कार्यक्रम वा योजना संचालन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३०. स्थानीय तहमा हस्तान्तरण भएको वा स्थानीय तहले स्वीकृत गरेको पूँजीगततर्फको कुनै योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्न आवश्यक देखिएमा स्थानीय तहले प्रदेश सरकारको विषयगत मन्त्रालयको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३१. विनियोजन ऐन, २०७७ बमोजिम संघ, प्रदेश र स्थानीय तह मध्ये कुनै एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको योजना वा कार्यक्रम अर्को तहको कुनै निकायले कार्यान्वयन गर्नुपर्ने अवस्थामा सो कार्यान्वयन गर्ने निकायले रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा निकासा लिई लेखा राख्ने र आन्तरिक र अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनुहुनेछ।

**(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदनः**

३२. पूँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा र अनुदानमा रकमान्तर गर्न सकिने छैन।

३३. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नुपरेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश ईकाइ कार्यालयबाट बजेट रोक्का राखेको जानकारी पत्र सहित रकमान्तर माग गर्नु गराउनु हुनेछ।

३४. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र भाडा जस्ता अनिवार्य दायित्वमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नुहुनेछ। यी खर्च शीर्षकहरूबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्नु हुनेछैन।

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# आर्थिक मामिला तथा योजना मन्त्रालय
धनगढी, कैलाली, नेपाल

पत्र संख्या : २०७७/७८
चलानी नं. :

३५. सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नु हुनेछ।

३६. राजस्व परिचालनमा आउन सक्ने संकुचन र सार्वजनिक खर्चमा पर्न सक्ने चापलाई व्यवस्थापन गर्न सार्वजनिक खर्चमा मितव्ययिताको नीति अंगिकार गर्नुहुनेछ। कोरोना रोगको रोकथामका सन्दर्भमा अग्रपंक्तिमा रहेर काम गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका राष्ट्रसेवक बाहेक अरु सबैलाई प्रदान हुने प्रोत्साहन भत्ता, अतिरिक्त समय भत्ता, बैठक भत्ता र जोखिम भत्ता लगायतका सबै प्रकारका भत्ता सम्बत् २०७७ साल साउन १ गते देखि लागु हुने गरी खारेज भएको व्यहोरा अवगत गराउँछु।

३७. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको करार सेवा शुल्क, खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नुहुनेछ।

३८. विभिन्न प्रकारका भुक्तानी गर्दा अनिवार्य रुपमा आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ बमोजिम अनिवार्य रुपमा आयकर कट्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३९. ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वा वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था:**

४०. कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक अनुशासन, गुणस्तर, लागत प्रभावी, मितव्ययी भई प्रचलित कानून बमोजिम कार्यान्वयन गर्नु गराउनु हुनेछ।

४१. विर्स्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारी सहितको कार्यक्रम कार्यान्वयन कार्ययोजना श्रावण मसान्तभित्र तयार गरी सार्वजनिक गर्नु हुनेछ।

४२. तहाँको खर्चको विवरण मासिक रूपमा प्रकाशन वा सार्वजनिकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४३. कार्यक्रमहरुको कार्यान्वयनको प्रगति समीक्षा माननीय आर्थिक मामिला तथा योजनामन्त्रीको अध्यक्षतामा प्रत्येक महिना गरिनेछ। कार्यक्रमहरुको प्रगति विवरण प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र यस मन्त्रालयमा अनिवार्य रुपमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

४४. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, काम सम्पन्न हुन नसकेमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी आवश्यक सहजीकरणको लागि समयमा नै यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

४५. सरकारी खर्चको दायित्व यकिन गर्नको लागि प्रतिवद्धता अभिलेख राख्ने व्यवस्था गर्नुहुनेछ। सोको आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन गर्ने व्यवस्था गर्नुहुनेछ। यस सम्बन्धी अन्य व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयले मिलाउनेछ।

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश

# आर्थिक मामिला तथा योजना मन्त्रालय

धनगढी, कैलाली, नेपाल

पत्र संख्या : २०७७/७८
चलानी नं. :

४६. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, सेवा करार समेतको सबै प्रकारका भुक्तानीहरू बैंक खाता मार्फत भुक्तानी गर्ने सम्बन्धी व्यवस्था अनिवार्य कार्यान्वयन गर्नु गराउनु हुनेछ। कुनै पनि कारोबार बैंक खातामार्फत मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।



"सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन"

सचिव

सम्पर्क फोन नं. : ०९१-५२०१०७
: ०९१-५२५२४५
website : moeap.p7.gov.np
email: moeap7@gmail.com

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# आर्थिक मामिला तथा योजना मन्त्रालय

धनगढी, कैलाली, नेपाल

पत्र संख्या : २०७७/७८
चलानी नं. :

श्री प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली ।
श्री प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली।
श्री प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलाली।
श्री प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, धनगढी, कैलाली।
श्री प्रदेश सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, धनगढी, कैलाली।
श्री प्रदेश सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय, धनगढी, कैलाली।
श्री प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय, धनगढी, कैलाली।
श्री सचिव, प्रदेश सभा सचिवालय, धनगढी, कैलाली।
श्री प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रकको कार्यालय, धनगढी, कैलाली।

**संलग्नः**

(क) आ.व. २०७७/७८ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ प्रति
(ख) आ.व. २०७७/७८ को बजेट वक्तव्य - १ प्रति
(ग) आ.व. २०७७/७८ को वार्षिक कार्यक्रम - १ प्रति
(घ) विनियोजन ऐन, २०७७ - १ प्रति
(ङ) आर्थिक ऐन, २०७७ - १ प्रति

सुमनराज अर्याल
(प्रदेश सचिव)

सचिव

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौं।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं।
श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली।